मिति २०८२ पौष १३ गतेको ६६ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ३ : खर्च प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ४ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा

प्रस्ताव नं. ५ : स्थानीय राजस्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा

प्रस्ताव नं. ६ : नदीजन्य पदार्थ उत्खननको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : अध्ययन बिदा सम्बन्धमा ।

प्रस्ताव नं. ८ : अध्ययन पूर्व स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं. ९ : सदस्यता शुल्क सम्बन्धमा ।

प्रस्ताव नं. १० : उर्जा विकास उप-समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. ११ : स्थानीय बिदा सम्बन्धमा ।

प्रस्ताव नं. १२ : राष्ट्रिय रोजगार कार्यक्रमका लागि रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं. १३ : कृषि पर्यटन कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. १४ : विशेष पकेट क्षेत्र छनौट सम्बन्धमा ।

प्रस्ताव नं. १५ : छैठौं गुफाडाँडा जलवायु सम्मेलन सम्बन्धमा ।

प्रस्ताव नं. १६ : जनस्वास्थ्य निरिक्षक सम्बन्धमा ।

प्रस्ताव नं. १७ : नयाँ सडक ट्रयाक निर्माणका लागि अनुमति सम्बन्धमा ।

प्रस्ताव नं. १८ : कार्यक्रम संचालनका लागि अनुमति एवं आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं. १९ : गुठी संस्थानमा सिफारसि गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२० : मेला व्यवस्थापन एवं सांस्कृतिक कार्यक्रम संचालनका लागि बजेट व्यवस्था सम्बन्धमा ।

प्रस्ताव नं.२१ : आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं.२२ : निबुगाउँ स्वास्थ्य इकाई भवन निर्माणका लागि सिफारिस गर्ने सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. ६६.१ : नगर कार्यपालिकाको मिति २०८२/०८/१६ गतेको ६५ औं बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो। हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ६६.२ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९६ मिति २०८२/०९/०१ को समपुरक तथा विशेष अनुदान सम्बन्धको पत्र प्राप्त भई उक्त पत्रको विषयमा कार्यपालिका बैठकमा जानकारी गराइयो।

निर्णय नं. ६६.३ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ को श्रावण १ देखि हालसम्मको चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ २५.६५ प्रतिशत र पूँजीगत तर्फ ७.२६ प्रतिशत गरी समग्रमा १७.१५ प्रतिशत भएको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गराइयो।

निर्णय नं. ६६.४ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो।

निर्णय नं. ६६.५ : स्थानीय राजस्व परामर्श समितिको मिति २०८२/०८/२३ गतेको बैठकबाट भएका देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

### तपसिल

(क) आ.व. २०८२/०८३ मा ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रबाट ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्रीका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निर्धारण गरेको परिमाण र मेलम्ची नगरपालिकाका कर्मचारीबाट यस अधिको बोलपत्र सूचनामा मौज्दात रहेको नदीजन्य पदार्थको परिमाणमध्ये अमानतमा मिति २०८२/०८/०५ गते देखि मिति २०८२/०८/२३ गतेसम्म बिक्री भएको परिमाण २१,९८,०२२।१२ घ.फि. घटाई बाँकी रहेको कूल मौज्दात परिमाण ४०११८०९१।३१ घ.फि. को प्रति घ.फि. रु. ७ का दरले जम्मा रु. २८,०८,२६,६३९।१७ (अक्षरुपी अठ्ठाइस करोड आठ लाख छब्बिस हजार छ सय उनान्चालिस रुपैयाँ पैसा सत्र मात्र) मा पुन: राष्ट्रिय दैनिक पत्रिकामा १५ (पन्ध्र) दिने बोलपत्र सूचना प्रकाशन गरिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो। साथै, उक्त सूचना

बमोजिम मिति २०८/०९/११ गते बोलपत्र खोल्दा कुनै पनि बोलपत्रदाताले बोलपत्र पेश नगरेको देखिंदा पुन: १५ दिने बोलपत्र सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

(ख) मेलम्ची नगरपालिका क्षेत्रमा प्रयोग भएका होर्डिङ्ग बोर्ड, ग्लोबोर्ड, डिजिटल बोर्ड लगायतका विज्ञापनका सामग्रीहरु प्रयोग गरी विज्ञापन कर बापत प्राप्त हुने राजस्व संकलन गर्ने सम्बन्धमा छलफल हुँदा मेलम्ची नगरपालिका क्षेत्र भित्र विज्ञापन करको व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा ऐन निर्माण गरी राजस्व संकलनका लागि कार्यपालिका बैठकमा सिफारिस भई आएको हुँदा उक्त ऐन निर्माणको लागि सैद्धान्तिक स्वीकृत प्रदान गर्ने।

(ग) मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको करको दर र व्यवस्था बमोजिम मेलम्ची नगरपालिका क्षेत्रबाट बिक्री/निकासी हुने कबाडीजन्य वस्तुहरुको कबाडी कर (आन्तरिक राजस्व) संकलनका लागि मिति २०८२/०४/३० गतेको कार्यपालिका बैठकको निर्णयानुसार सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय भएकोमा हाल उक्त कबाडीजन्य सामग्रीहरु बिक्री/निकासी बापतको राजस्व रकम प्रभावकारी रुपमा संकलन हुन नसकेको हुँदा उक्त कर प्रभावकारी र कडाईका साथ संकलन गर्नको लागि सबै वडा कार्यालयलाई पुन: अनुरोध गर्ने निर्णय गरियो । साथै, मेलम्ची नगरपालिका क्षेत्र भित्रका सिपाघाट, छापभञ्ज्याङ्, भोटेचौर लगायतका नाकाहरुबाट निकासी हुने कबाडी सामग्रीको बिक्री/निकासी कर मेलम्ची नगरपालिकाबाट स्थापना गरिएको सम्बन्धित कर संकलन केन्द्रबाट संकलन गर्ने ।

(घ) मेलम्ची नगरपालिका भित्रका ईन्द्रावती र मेलम्ची नदी क्षेत्र भन्दा बाहेकका अन्य नदीक्षेत्र र आयोजना निर्माण क्षेत्रबाट उत्खनन् हुने ढुङ्गा, गिटी, बालुवा लगायतका निर्माण सामग्री प्रचलित कानून बमोजिम कर नतिरी प्रयोग भएको भन्ने जनगुनासो प्राप्त भएको हुँदा उक्त विषयका सम्बन्धमा सम्बन्धित तालुक कार्यालय र आयोजनाहरुलाई मेलम्ची नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको राजस्व रकम तिर्ने व्यवस्थाको लागि आवश्यक समन्वय एवं सहयोगका लागि अनुरोध गर्ने ।

(ङ) मेलम्ची नगरपालिका भित्रका केही नाकाहरुबाट कर छली गरी ढुङ्गा, गिटी बालुवा लगायत अन्य सामग्रीहरु ओसारपसार भएको गुनासो प्राप्त भएको हुँदा राजस्व संकलन र सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन मेलम्ची नगरपालिका भित्रका सिपाघाट, भोटेचौर र झापभञ्ज्याङमा सि.सि.क्यामेरा जडान गर्नका लागि सिफारिस भएको हुँदा तत्तत् स्थानमा सिसि क्यामेरा जडान कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन गर्ने।

(च) मेलम्ची तथा ईन्द्रावती नदी क्षेत्रबाट ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थ उत्खनन्का लागि मेलम्ची नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको व्यवस्था बमोजिमको व्यवसाय कर र बहाल बिटौरी शुल्क चुक्ता गरेपछि प्रत्येक क्रसर उद्योगलाई एक १ (एक) वटा मेशिनरी औजार स्काभेटर प्रयोग गर्नको लागि अनुमति प्रदान गरिंदै आएको सन्दर्भमा केही क्रसर उद्योगले २ वटा स्काभेटर प्रयोग गर्नको लागि अनुमाति माग गरेको हुँदा साविक बमोजिम अनुमति प्रदान गरिएको स्काभेटर संख्यामा मेलम्ची नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको प्रति मेशिन शुल्क बापत रु. ३ लाख थप राजस्व दाखिला गरे पश्चात् थप १ वटा गरी अधिकतम २ वटासम्म मेशीनरी औजारको प्रयोग गर्न अनुमति प्रदान गर्ने ।

निर्णय नं. ६६.६ : ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र भित्र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन्का लागि अनुमति पाउँ भनि मेलम्ची नगरपालिका वडा नं. १३ स्थित जाल्पा इन्फ्रास्ट्रक्चर प्रा.लि, मेलम्ची नगरपालिका वडा नं. १३ स्थित लहरे देवी ट्रेडिङ्ग प्रा.लि. र मेलम्ची नगरपालिका वडा नं. १२ स्थित पाल्चोकमाई इन्फ्रास्ट्रक्चर प्रा.लि. ले यस कार्यालयमा निवेदन पेश गरेको हुँदा ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा (४) र (५) मा भएको कानूनी व्यवस्था तथा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था बमोजिम उल्लिखित क्रसर उद्योगसंग चालु आ.व. २०८२/०८३ को व्यवसाय कर, बहाल बिटौरी शुल्क र विगत आ.व.को बक्यौता रकम समेत असूल गरेर मात्र नदीजन्य पदार्थ उत्खनन्को लागि अनुमति प्रदान गर्ने निर्णय गरियो । त्यसैगरी, मेलम्ची नगरपालिका वडा नं. १० स्थित पि.पि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले मेलम्ची नगरपालिका वडा नं. १० को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत क्षेत्रबाट ढुङ्गा, गिटी बालुला लगायतका नदीजन्य पदार्थ उत्खनन् एवं बिक्रीका लागि अनुमति माग गरेको हुँदा मेलम्ची नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको राजस्व रकम लिई नदीजन्य पदार्थ उत्खनन् एवं बिक्रीका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६६.७ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र (मेलम्ची नगर अस्पताल) मा सि.अनमी पदमा कार्यरत श्री पारु लामाले नेपाल सरकार/चिकित्सा शिक्षा आयोग (परीक्षा निर्देशनालय), सानोठिमी, भक्तपुरबाट संचालित परीक्षामा सहभागी भई पोखरा नर्सिङ्ग क्याम्पसबाट छात्रवृत्तिमा BNS अध्ययनका लागि नाम छनौट भई यस कार्यालयमा तलबी अध्ययन बिदा स्वीकृतिको लागि निवेदन पेश भएको हुँदा निजलाई स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ५९ को उपदफा (१) र (२) मा भएको कानूनी व्यवस्था एवं सोही ऐनको दफा ४९ मा भएको व्यवस्था बमोजिम अध्ययन पश्चात मेलम्ची नगरपालिकामा कार्य गर्ने पूर्व शर्तमा अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६६.८ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र (मेलम्ची नगर अस्पताल) मा स्टाफ नर्स पदमा कार्यरत श्री सम्झना बस्नेतले नेपाल सरकार/चिकित्सा शिक्षा आयोग (परीक्षा निर्देशनालय), सानोठिमी, भक्तपुरबाट संचालित परीक्षामा सहभागी हुन पूर्व स्वीकृतिको लागि निवेदन पेश गर्नु भएको हुँदा निजलाई MN/MPH अध्ययनका लागि परीक्षामा सहभागी हुन पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६६.९ : नेपाल नगरपालिका संघको च.नं. ४५-२०८२/०८३ मिति २०८२/०५/१६ को पत्रबाट उक्त संघको राष्ट्रिय अधिवेशनले पारित गरे बमोजिमको वार्षिक सदस्यता शुल्क रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) उपलब्ध गराइदिनका लागि लेखि आएको हुँदा सदस्यता शुल्क बापतको उक्त रकम आन्तरिक श्रोतबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६६.१० : मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) को पत्र संख्या २९१/२०८२/०८३ मिति २०८२/०८/१८ को पत्रबाट एमसिए-नेपाल आयोजनाको लागि उर्जा विकास उप-समिति गठन गरिदिनका लागि लेखि आएको हुँदा देहाय बमोजिमका सदस्यहरु रहने गरी उर्जा विकास उप-समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

(क) मेलम्ची नगरपालिका २ नं. वडा अध्यक्ष श्री नगेन्द्र प्रसाद खतिवडा - संयोजक
(ख) मेलम्ची नगरपालिका १ नं. वडा अध्यक्ष श्री कृष्ण मुरारी चौलागाईं- सदस्य
(ग) मेलम्ची नगरपालिका ३ नं. वडा अध्यक्ष श्री कुमार बञ्जारा - सदस्य
(घ) मेलम्ची नगरपालिका ४ नं. वडा अध्यक्ष श्री सञ्जिव तामाङ - सदस्य
(ङ) एमसिए नेपालको कार्यक्रम लागु भएका वडाको दलित प्रतिनिधि श्री बुद्ध रोक्का - सदस्य
(च) एमसिए नेपालको कार्यक्रम लागु भएका वडाको महिला प्रतिनिधि श्री सिर्जना घिमिरे- सदस्य

निर्णय नं. ६६.११ : सम्माननीय पूर्व राष्ट्रपति श्रीमती विद्या देवी भण्डारीज्यूबाट वि.सं. २०७५ सालमा समुद्घाटन गरिएको प्रथम जलवायु सम्मेलन स्थल सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफाडाँडामा मेलम्ची नगरपालिकाको आयोजन एवं बागमती प्रदेश सरकारका मुख्यमन्त्री मा. इन्द्रबहादुर बानियाँज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२ पौष १७ गते छैठौं गुफाडाँडा जलवायु सम्मेलन आयोजना गरिएको हुँदा उक्त सम्मेलनका अवसरमा मेलम्ची नगरपालिका अन्तर्गतका शैक्षिक संस्था र मातहतका वडा कार्यालयहरुमा उक्त दिन स्थानीय बिदा दिने निर्णय गरियो ।

निर्णय नं. ६६.१२ : मेलम्ची नगरपालिका १३ नं. वडा कार्यालयको च.नं. ५५९ मिति २०८२/०९/०९ को पत्र तथा वडा समितिको निर्णयबाट मेलम्ची नगरपालिका वडा नं. १३ को आ.व. २०८२/०८३ मा विनियोजित बजेट शिर्षक नं. ३११५९ क्रसर प्रभावित कार्यक्रम अन्तर्गतको बजेट मध्येबाट रकमान्तर हुने गरी राष्ट्रिय रोजगार कार्यक्रम साझेदारीका लागि रु. २ लाख बजेट व्यवस्थापनका लागि सिफारिस भई आएको हुँदा सिफारिस भए बमोजिम उक्त बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६६.१३ : बागमती प्रदेश सरकार सशर्त कार्यक्रम अन्तर्गत कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम संचालनका लागि मेलम्ची नगरपालिका वडा नं. १ मा कार्यान्वयन गर्ने गरी आ.व. २०८२/०८३ मा रु. ४० लाख बजेट विनियोजन भएको र उक्त बजेट कार्यान्वयनका लागि मेलम्ची नगरपालिकाबाट प्रस्ताव माग गर्नको लागि सूचना प्रकाशन गरिएकोमा उक्त सूचना बमोजिमका कार्यक्रम संचालनका लागि वडा समितिको सिफारिस बमोजिम गर्ने निर्णय गरियो ।

निर्णय नं. ६६.१४ : बागमती प्रदेश सरकार / कृषि तथा पशुपन्छी विकास मन्त्रालय / पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाको च.नं. २८६ मिति २०८२/०८/२६ गतेको पत्र एवं सोही मितिमा प्रकाशित सूचना बमोजिम एक जिल्ला एक विशेष पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रमको लागि सिन्धुपाल्चोक जिल्ला छनौट भएको र "एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" मा भएको व्यवस्था बमोजिम स्थानीय तहहरुले १५ दिन भित्र विशेष पकेट क्षेत्र छनौट गरी जानकारी दिनको लागि अनुरोध भई आएको हुँदा मेलम्ची नगरपालिका भित्रका १३ वटै वडाहरु समावेश हुने गरी बाख्रा पकेट क्षेत्र छनौट गरी प्रस्ताव पेश गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६६.१५ : मेलम्ची नगरपालिकाको आयोजना र बागमती प्रदेश सरकारका मुख्यमन्त्री मा. इन्द्र बहादुर बानियाँज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२ पौष १७ गते हुन गइरहेको छैठौं गुफाडाँडा जलवायु सम्मेलनको सम्पूर्ण तयारीको अवस्थाको बारेमा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

निर्णय नं. ६६.१६ : मेलम्ची नगरपालिका वडा नं. ५ स्थायी निवासी श्री रमिता लामा यस नगरपालिका अन्तर्गत क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रममा मिति २०८२/०९/०५ मा कार्यक्रम संयोजकको रुपमा खुल्ला प्रतिष्पर्धाबाट छनौट भई नियुक्ती भएको र निज मिति २०८२ असार मसान्तसम्म कार्यरत रहेकोमा मिति २०८२ श्रावण १ गते देखि उक्त कार्यक्रम अन्तर्गत बजेट प्राप्त नभएकोले निजलाई म स्वस्थ, मेरो समुदाय स्वस्थ : घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत प्राप्त भएको बजेटबाट खर्च हुने गरी कामकाज लगाउदै आएकोमा पुन: जनस्वास्थ्य अधिकृत (अधिकृत सातौं ) तहमा विज्ञापन गर्दा थप प्रशासनिक खर्च बढ्न जाने हुँदा सोही व्यक्तिलाई उक्त पदमा निरन्तरता दिन उपयुक्त देखिएकोले निज

रमिता लामालाई सोही कार्यक्रमको बजेटबाट तलब, भत्ता एवं अन्य सेवा सुविधा उपलब्ध गराउने गरी जनस्वास्थ्य अधिकृत (अधिकृत सातौं ) तहमा नियुक्ती गरी निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ६६.१७ : मेलम्ची नगरपालिका वडा नं. ४ स्थित फेदी देखि फेदी पुच्छारसम्म नयाँ सडक ट्र्याक निर्माणका लागि यस कार्यालयमा निवेदन पेश भएको सन्दर्भमा उक्त सडक निर्माण गर्न उपयुक्त हुने वा नहुने सम्बन्धमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि यस कार्यालयबाट प्राविधिक समिति गठन भई उक्त प्रविधिक समितिले स्थलगत रुपमा अध्ययन गर्दा स्थानीय व्यक्तिहरुको सहमति प्राप्त भएको र वातावरणीय रुपमा न्यून प्रभाव पर्ने भएकोले प्राविधिक मापदण्ड पालना गर्ने गरी सडक निर्माण गर्न उपयुक्त हुने भनी सिफारिस गरेको हुँदा प्राविधिक समितिले पेश गरेको प्रतिवेदन बमोजिम नयाँ सडक ट्र्याक निर्माणका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तयसैगरी, सोही वडाको ओख्रेनीचौर च्याङ्कलचौर बतासे नयाँ सडक ट्र्याक निर्माण गर्नको लागि अनुमति माग भएको सन्दर्भमा उक्त सडकको क्षेत्र भित्र सार्वजनिक वन क्षेत्र पर्ने भएकोले सो सडक निर्माण कार्य विद्यमान वन ऐन, २०७६ र वन नियमावली, २०७९ विपरीत हुने देखिएको हुँदा उक्त सडक ट्र्याक निर्माण गर्न नसकिने भनि अध्ययन समितिबाट सिफारिस भएको हुँदा सिफारिस बमोजिम उक्त सडक ट्र्याक निर्माणका लागि अनुमति प्रदान नगर्ने निर्णय गरियो ।

निर्णय नं. ६६.१८ : नेपाल आँखा कार्यक्रम /तिलगंगा आँखा प्रतिष्ठान/ तिलगंगा समुदायिक आँखा केन्द्र, मेलम्ची, सिन्धुपाल्चोकको च.नं. २४ मिति-२०८२/०९/०९ को पत्रबाट मिति २०८२/०९/२३ र २४ गते तिलगंगा सामुदायिकआँखा केन्द्र, मेलम्चीमा नेत्र शल्य चिकित्सकद्धारा मोती बिन्दु शल्यक्रिया शिविर संचालन हुने र यस शल्यक्रियाको पूर्व तयारीको लागि मिति २०८२/०९/१८ र ऐ. १९ गते दुबाचौर स्वास्थ्य चौकी र एकिकृत स्वास्थ्य सेवा केन्द्र पिप्लेमा बृहत्त सामुदायिक स्वास्थ्य शिविर (मोतिबिन्दु छनौट) कार्यक्रम संचालनका लागि अनुमतिका साथै मोतीबिन्दुको शल्यक्रिया गर्ने बिरामीहरुलाई खाना तथा खाजा बापत खर्च हुने रकम सहयोगका लागि अनुरोध भई आएको हुँदा उक्त कार्यक्रम संचालनका लागि अनुमति प्रदान गर्नुको साथै सामान्य खाना खाजा बापत खर्च हुने रकम बिल भरपाईका आधारमा आन्तरिक श्रोतबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६६.१९ : मेलम्ची नगरपालिका १३ नं. वडा कार्यालयको च.नं. ५५९ मिति २०८२/०९/०९ को पत्र तथा वडा समितिको निर्णयबाट, मेलम्ची नगरपालिका वडा नं. १३ भित्रका अधिकांश जग्गा जमिन पशुपति महास्नान गुठीको नाममा रहेको र उक्त जग्गा जमिन भोगचलन गर्ने मोहीहरुले कानून बमोजिम तिर्नुपर्ने भूमिकर/मालपोत र सम्पत्ति कर सम्बन्धित वडा कार्यालयबाट नै लिने गरी आवश्यक निर्णयका लागि गुठी संस्थान, त्रिपुरेश्वर, काठमाडौंमा सिफारिसका लागि अनुरोध भई आएको हुँदा

उक्त वडामा पशुपति महास्नान गुठीको नाममा रहेको सम्पूर्ण जग्गा जमिन र संरचनाहरुको भूमिकर/मालपोत र सम्पत्ति कर सम्बन्धित वडा कार्यालयले लिने व्यवस्थाका लागि गुठी संस्थान, त्रिपुरेश्वर, काठमाडौंमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६६.२० : मेलम्ची नगरपालिका वडा नं. १ मा रहेको ऐतिहाँसिक धार्मिक महत्व बोकेको क्षेत्रपालभुमे मन्दिरमा मिति २०८२ पौष ३० गते स्थानीय कला तथा संस्कृतिको संरक्षण गर्ने उद्देश्यले सांस्कृतिक कार्यक्रम आयोजनाका लागि मेलम्ची नगरपालिका १ नं. वडा कार्यालयको च.नं. ६२२ मिति २०८२/०९/१३ को पत्रबाट बजेट माग गरिएको । त्यसैगरी, मेलम्ची नगरपालिका वडा नं. ३ स्थित लोकेश्वरी मेला व्यवस्थापन तथा लोकेश्वरी मेला संचालनका लागि मेलम्ची नगरपालिका ३ नं. वडा कार्यालयको च.नं. ४४६ मिति २०८२/०९/०४ को पत्रबाट बजेट माग गरिएको सन्दर्भमा दुबै वडाको मेला व्यवस्थापन एवं सांस्कृतिक कार्यक्रम संचालनका लागि आन्तरिक श्रोतबाट प्रति कार्यक्रम रु. १ लाख /१ लाखका दरले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६६.२१ : मेलम्ची नगरपालिका वडा नं. १ स्थायी निवासी श्री सुशान्त चौलागाईंको ठूलो आन्द्राको शल्यक्रिया गर्नुपर्ने भएको र निज हाल वीर अस्पतालमा उपचारार्थ रहेको एवं निजको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको हुँदा निजको उपचारको लागि मेलम्ची नगरपालिका १ नं. वडा कार्यालयको च.नं. ५०९ मिति २०८२/०८/२१ को पत्रबाट आर्थिक सहायता उपलब्ध गराइदिनका लागि सिफारिस भई आएको हुँदा निजलाई विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. ५०,०००|– (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६६.२२ : मेलम्ची नगरपालिका वडा नं. २ स्थित निबुगाउँ स्वास्थ्य इकाई भवन निर्माण गर्न आवश्यक बजेट व्यवस्थाको लागि भौतिक पूर्वाधार विकास मन्त्रालयमा सिफारिस गरिदिनका लागि २ नं. वडा कार्यालयको च.नं. २५२ मिति २०८२/०९/१३ को पत्रबाट अनुरोध भई आएको हुँदा प्रभावकारी रुपमा स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य इकाई भवन निर्माण गर्न गर्न आवश्यक देखिएको हुँदा उक्त भवन निर्माण गर्ने आवश्यक बजेट व्यवस्थाका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यपालिका बैठकमा मिति २०८२-०९-१३ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेनजेन्सी सहित) | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | खरिबोट बस्ती संरक्षण | १०,००,०००/- | १,००,०००/- | १३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सोलिङ, पल्म वाल, मेसेनरी वाल निर्माण कार्य भएको। |
| २ | घले लोप्चनटोल सिडी निर्माण | ५,००,०००.०० | ५०५६२.६१ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सोलिङ, पि.पि.सि. गरी सिडी निर्माण कार्य भएको। |
| ३ | Construction of Hostel at janata Secondary School(अल्या) | ७९६११७३.१ | | ९ | प्राविधिक विल अनुसार | टेण्डर | भवन निर्माण कार्य भएको। |
| ४ | ग्रामिण सडक सरसफाई तथा मर्मत कार्य | ७,००,०००.०० | ७०,११९.६१ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | बाटो सरसफाई गर्ने काम भएको। |
| ५ | सिद्वेश्वर त्रिवेणीघाट सिडी निर्माण कार्य | ५,००,०००.०० | ५०००० | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सोलिङ, पि.पि.सि. गरी सिडी निर्माण कार्य भएको। |
| ६ | सेल्ले काफलगैरी सडक | ४,५०,०००.०० | ४७,१७३.५६ | ७ | प्राविधिक विल अनसार | उपभोक्ता समिति मार्फत | मेसोनरी वाल निर्माण कार्य भएको। |
| ७ | कुवा संरक्षण(टुकी संघ सुनकोशी साझेदारी) | ३,६०,०००.०० | २०,०००.०० | ३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | कुवा संरक्षण कार्य भएको। |
| ८ | लप्सी खोला कुवापानी मुहान संरक्षण(टुकी संघ सुनकोशी साझेदारी) | १,३०,०००.०० | १३,०००.०० | १३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | कुवा संरक्षण कार्य भएको। |
| ९ | ढुङगाना गाउँ पुरानी पधेरा पानी मुहान संरक्षण(टुकी संघ सुनकोशी साझेदारी) | १,३०,०००.०० | १३,०००.०० | १३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | कुवा संरक्षण कार्य भएको। |
| १० | ताप्रसा सामुदायिक भवन निर्माण | ५,००,०००.०० | ५३७१४.६३ | ७ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | डब्बल टाईबिम सहित ७(सात) वटा आ.सि.सि. पिल्लर निर्माण कार्य भएको। |
| ११ | स्वारा काफल गैरी सालघारीडाँडा गोरेटो बाटो | ३,००,०००.०० | ३१७४८.२३ | ७ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | परम्परागत पैदल हिड्ने गोरेटो बाटोलाई सोलिङ पि.सि.सि. र नाली निर्माण गरी सडक स्तरोन्नती कार्य भएको। |
| १२ | Rehabilitation of pipe culvert, River channelization and approach Road at Talamarang And Fatte and Rehabilition of Fatkeshwor | ९,७८,८४५.५५ | | ६ | प्राविधिक विल अनुसार | सोझै खरिद | तालामाराङ र फट्टेमा बाढी पश्चात मेलम्ची खोलामा ह्युमपाईप हाली पुनःनिर्माण गरिएको र फटकेश्वर भष्मेखोला सडकमा ग्राभेल हाली मर्मत कार्य गरिएको। |

२०८२।९।१३